**साँगुरीगढी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भेडेटार, धनकुटा**

**१ नं. प्रदेश, नेपाल**

# बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५/०८/१३**

यस कार्यालयको आ.ब.२०७५/०७६ को तपसील बमोजिमको स्वीकृत कार्यक्रमहरु शिलबन्दी बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले निर्माण व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू:

१. तपसिलमा उल्लेखित दस्तुर(फिर्ता नहुने) गरी वा साँगुरीगढी गाउँपालिका कार्यालयको नेपाल बंगलादेश बैंक भेडेटार शाखामा रहेको संचित कोष खाता नं.९५९०१००२२० मा जम्मा गरेको भौचर साथ निर्माण व्यवसायीले व्यवसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्र र आ.ब.२०७५/०७६ कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ (मिति २०७५/०९/१३गतेका) दिन कार्यालय समयभित्र E-Procurement मार्फत सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO)को website www.bolptra.gov.np बाट बोलपत्र खरिद गर्न सकिन्छ ।

२. खरिद भएको बोलपत्र फारमहरू उल्लेख भएका सबै विवरण रितपूर्वक भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी कामको विवरण,बोलपत्रको नाम,ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशन भएको मिति ३१ औ दिन (मिति २०७५/०९/१४) गते दिउसोको १२:०० बजे सम्म सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO)को webpage ma दर्ता गर्नु पर्नेछ ।

३. दर्ता भएका बोलपत्रहरू सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ ।बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्नेछैन ।

४. बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू विदाको लगतैपछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

५.शिलबन्दी बोलपत्र फारमसाथ जमानत बापत तपसिलमा तोकिएको रकम यस कार्यालयको नाममा रहेको नेपाल बंगलादेश बैंक, भेडेटारको धरौटी खाता नं. ०५२०००९२१ मा रकम जम्मा गरि सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारी भएको १२० दिन मान्य अबधि भएको बैंक जमानत पेश गर्नु पर्ने छ।

६. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।बोलपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुवै स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाँउमा बोलपत्रदाताको सहीछाप भएको हुनुपर्नेछ ।

७. यस गाँउपालिकाको हितलाई ध्यान राखी कुनै जनाइ व नजनाई पूरा वा अंशिक रूमा स्वीकृति गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरू मान्य हुनेछैन ।

९. यस सूचनामा उल्लेख नभएका कुराहरको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित कानून अनुसार हुनेछ ।

१०. यस सूचना सार्वजनिक खरिद अनुगमन कार्यलय website:www.bolptra.gov.np र साँगुरीगढी गाउँ पालिकाको कार्यालयको website: sangurigadhimun.gov.np मा समेत राखिएको छ ।

प्रशासकीय अधिकृत

११. बोलपत्र स्वीकृत भएपछि पर्फमेन्स बण्ड बापत बोलपत्रदाताले कबोल गरेको अंकको नियमानुसार हुने रकम यसै सूचनाको बुदा नं.५ मा उल्लेखित खातामा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयका पक्षमा न्यूनतम कार्य सम्पन्न गर्नु पर्ने अवधि भन्दा कम्तीमा १३ महिना बढीको म्याद राखी जारी गरेको बैंक जमानी पत्र पेश गर्नुपर्नेछ ।

१२. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेशन अनुसार हुनुपर्नेछ । बोलपत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसँग बुझी दररेट भरेको मानिनेछ ।

तपशिलः

| सि. नं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (भ्याट र कन्टिन्जेन्सी बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | 05/sangurigadhi/2075/076 | साँगुरीगढी गाउँपालिका १ नं. वार्ड कार्यालय भवन निर्माण | ६०,२०,६९९।८७ | १,८०,०००।०० | ३,०००।०० |
| २ | 06/sangurigadhi/2075/076 | साँगुरीगढी गाउँपालिका ७ नं. वार्ड कार्यालय भवन निर्माण | ६५,२५,०४७।२४ | १,९५,०००।०० | ३,०००।०० |
| ३ | 07/sangurigadhi/2075/076 | साँगुरीगढी गाउँपालिका १० नं. वार्ड कार्यालय भवन निर्माण | ६३,१९,८२०।८० | १,८९,५००।०० | ३,०००।०० |

सागुरीगढी गाउँपालिका
Sangurigadhi Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of The Rural Muxic Pal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta
२०७३(2073)

प्रमुख प्रशासकीय अधिकृत